# पूर्वीय महाकाव्य सिद्धान्तको परिप्रेक्ष्यमा शाकुन्तल महाकाव्य

**शेषकान्त पौडेल***

**सारसङ्क्षेपः**

*शाकुन्तल महाकाव्य नेपाली साहित्यका उच्च शिखर महाकवि लक्ष्मीप्रसाद देवकोटाको सबैभन्दा महत्त्वपूर्ण र नेपाली महाकाव्यको इतिहासमै आजसम्मको सर्वाधिक उपलब्धिपूर्ण काव्य कृति हो । स्वच्छन्दतावादी भावधाराका माध्यमबाट नेपाली काव्य जगत्मा नयाँ युगको आमन्त्रण गर्ने देवकोटा शास्त्रीय बन्धनका विपरीत सहज तथा स्वतस्फूर्त शैलीमा काव्य रचना गर्ने कवि भएर पनि शाकुन्तल महाकाव्यमा उनी पूर्वीय महाकाव्य मान्यताप्रति झुकेका छन् । कथानकीय स्रोत, कथानकीय आयाम, आरम्भ र अन्त्य, कथानकीय विकास, नायक, उद्देश्य, रस, छन्द, भाषाशैलीजस्ता आधारभूत तत्वका सन्दर्भमा पूर्वीय काव्यशास्त्रमा विशद चिन्तन भएको छ । यही चिन्तनको सारभूत रूपमा स्थापित मान्यताप्रति शाकुन्तल महाकाव्य झुकेको छ ।*

**प्रमुख शव्दकुञ्जिकाः महत्अर्थ, अभ्युदय, सज्जनाश्रित, मङ्गलाचरण, पुरुषार्थ चतुष्टय, धीरोदात्त,यत्न, प्राप्त्याशा, उपजीव्य, जलक्रीडा**

**१.विषयपरिचय**

शाकुन्तल महाकाव्य नेपाली महाकाव्यको इतिहासमा सर्वाधिक महत्त्वपूर्ण र चर्चित महाकाव्य हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा २००२ सालमा रचित यो महाकाव्य स्वच्छन्दतावादी धाराको उत्कृष्ट काव्यकृति हो । पाश्चात्य साहित्यबाट नेपाली साहित्यमा प्रवेश गरेको स्वच्छन्दतावादी धाराको काव्यकृति भएर पनि यो महाकाव्य सैद्धान्तिक दृष्टिकोणले पूर्वीय महाकाव्य सिद्धान्तसँग नजिक छ । यो लेखमा पूर्वीय साहित्य शास्त्रमा प्रस्तुत गरिएका महाकाव्यसम्बन्धी आधारभूत अवधारणाहरू प्रस्तुत गर्दै तिनै सिद्धान्तका आधारमा महाकाव्यको विश्लेषण गरिएको छ । पूर्वीय काव्य चिन्तन परम्परामा भामह, दण्डी, विश्वनाथ आदिले प्रस्तुत गरेका महाकाव्यसम्बन्धी अवधारणाका सापेक्षतामा शाकुन्तल महाकाव्यका विविध पक्षको विश्लेषण गर्नु नै यो लेखको अभीष्ट रहेको छ ।

**२. सामग्री सङ्कलन र अध्ययन विधि**

प्रस्तुत लेख पुस्तकालयीय विधिबाट प्राप्त सामग्रीका आधारमा तयार गरिएको हो । विवेच्य कृति शाकुन्तल महाकाव्य विश्लेषणको सैद्धान्तिक आधारका रूपमा अध्ययन गरिएका आधार सामग्रीहरू द्वितीय स्रोतका अध्ययन सामग्रीका आधारमा तयार गरिएका हुन् । कृति विश्लेषणका लागि सैद्धान्तिक आधार निर्माण गर्ने सन्दर्भमा पूर्वीय महाकाव्य मान्यताको सैद्धन्तिक विश्लेषण गरिएका सामग्रीहरूको अध्ययनका लागि पुस्तकालयीय विधिलाई नै प्रमुख विधिका रूपमा अवलम्बन गरिएको छ । अध्ययन विधिका रूपमा विश्लेषणात्मक विधिलाई नै प्रमुख विधि मानिएको छ ।

**३. सैद्धान्तिक अवधारणा**

प्रस्तुत लेख पूर्वीय महाकाव्य सिद्धान्तको सापेक्षतामा शाकुन्तल महाकाव्यको विश्लेषण गर्ने कुरामा केन्द्रित छ । महाकाव्यको विश्लेषण गर्ने सैद्धान्तिक पूर्वीय काव्य चिन्तन परम्परामा स्थापित महाकाव्य सिद्धान्तलाई नै मानिएको छ । पूर्वीय महाकाव्य चिन्तन परम्परामा भामहदेखि विश्वनाथसम्मका सैद्धान्तिक दृष्टिकोणहरू नै महाकाव्य विश्लेषणका सैद्धान्तिक आधार हुन् । महाकाव्यको सैद्धान्तिक चर्चा गर्ने सन्दर्भमा पूर्वीय महाकाव्य चिन्तकहरूले महाकाव्यको कथानकसँग सम्बन्धित कथानकीय स्रोत, आयाम, आरम्भ र अन्त्य, कथानकीय विकासजस्ता कुरामा आआफ्नै खालका सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । त्यस्तै गरी महाकाव्यको चरित्रविधान तथा नायक, उद्देश्य, परिवेश, रस, छन्द, भाषाशैलीजस्ता विषयमा पनि स्पष्ट सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरिएका छन् । विभिन्न काव्य चिन्तकहरूका दृष्टिकोणका समष्टिका रूपमा स्थापित अवधारणालाई नै महाकाव्य विश्लेषणको सैद्धान्तिक आधार मानिएको छ ।

संस्कृत काव्यशास्त्रीय चिन्तन परम्परामा महाकाव्यका सन्दर्भमा व्यक्त गरिएका दृष्टिकोणका आधारमा स्थापित मान्यता नै पूर्वीय महाकाव्य मान्यता हो । पूर्वमा काव्य चिन्तनको प्रारम्भ

*उप-प्राध्यापक, नेपाली शिक्षण विभाग, बुटवल बहुमुखी क्याम्पस, बुटवल

भरतमुनिको नाट्यशास्त्रबाट भएको मानिन्छ । संस्कृत काव्य चिन्तन परम्पराको पहिलो लक्षणग्रन्थ भरतको नाट्यशास्त्रमा नाटकमा मात्र केन्द्रित भई काव्यशास्त्रीय चिन्तन प्रस्तुत गरिएकाले यो कृति महाकाव्यका सन्दर्भमा मौन देखिन्छ । पूर्वीय काव्यशास्त्रीय चिन्तन परम्परामा महाकाव्यसम्बन्धी सैद्धान्तिक दृष्टिकोण प्रस्तुत गर्ने प्रथम आचार्य छैटौं शताव्दीका भामह हुन् । भामहले आफ्नो शास्त्रीय चिन्तनलाई काव्यालङ्कार ग्रन्थमा प्रस्तुत गरेका छन् । उनले महाकाव्यका सन्दर्भमा प्रस्तुत गरेका परिभाषामा महाकाव्यलाई लामो कथानक भएको, महान चरित्रमा आधारित, नाटकीय पञ्चसन्धियुक्त, उत्कृष्ट एवम् अलङ्कारपूर्ण शैलीमा रचिएको, जीवनका विविध रूप र कार्यहरूको वर्णन गरिएको सर्गबद्ध सुखान्त काव्यका रूपमा चिनाइएको छ (जोशी, २०४५: १३४) । भामहको महाकाव्यसम्बन्धी दृष्टिकोणमा पूर्वीय शास्त्रीय चिन्तनका व्यापक दृष्टिकोणहरू नसमेटिए पनि सङ्क्षिप्त परिभाषामा महाकाव्यलाई चिनाउने सैद्धान्तिक दृष्टिकोणको थालनी भएकाले भामहको महाकाव्यसम्बन्धी चिन्तन महत्त्वपूर्ण मानिन्छ ।

भामहपछि पूर्वीय काव्य चिन्तन परम्परामा दण्डीको दृष्टिकोण महत्त्वपूर्ण मानिन्छ । भारवीका सन्तति दण्डी सातौं शताब्दीको अन्त्य र आठौं शताब्दीको शुरुतिरका आचार्य हुन् र उनको लक्षणग्रन्थ काव्यादर्श हो (पौडेल, २०५७:११) । दण्डीले आफ्नो लक्षणग्रन्थ काव्यादर्शमा काव्यशास्त्रीय चिन्तनका विविध पक्षको विश्लेषण गर्दै भामहको भन्दा व्यापक परिधिमा महाकाव्यसम्बन्धी आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले महाकाव्यलाई चिनाउने सन्दर्भमा काव्यादर्शको चौथोदेखि तेइसौं श्लोकसम्ममा महाकाव्यसम्बन्धी दृष्टिकोण प्रस्तुत गरेका छन् । उनका अनुसार सर्ग सर्गमा बाँधिएको, आशीर्वादात्मक, नमस्कारात्मक तथा वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट सुरु भएको, इतिहासप्रसिद्ध कथानक भएको,चतुर्वर्गफलप्राप्तिलाई उद्देश्य मानिएको, चतुर एवम् उदात्त नायक भएको, सहर, पर्वत ऋतु, चन्द्रोदय, सूर्योदय आदि व्यापक परिवेशको चित्रण गरिएको, अनेक भाव र रसको आश्वादन गर्न सकिने, नाटकीय पञ्चसन्धिको पालना गरिएको, प्रत्येक सर्गको अन्त्यमा छन्द परिवर्तन गरिएको प्रबन्धकाव्यलाई महाकाव्यका रूपमा चिनाइएको छ (अवस्थी, २०६४ : १७) । उनले भामहको महाकाव्य परिभाषाको आंशिक उपयोग गरी महाकाव्यका विषयमा आफ्ना पर्याप्त मौलिक दृष्टिकोणसमेत प्रस्तुत गरेका छन् । काव्यका आरम्भ, कथानकीय श्रोत, परिवेश, छन्द प्रयोगका सन्दर्भमा उनका दृष्टिकोण मौलिक मानिन्छन् ।

दण्डीपछि महाकाव्यको सैद्धान्तिक चर्चा गर्ने महत्त्वपूर्ण आचार्यका रूपमा रुद्रट देखिन्छन् । काव्यालङ्कार ग्रन्थका सोह्र अध्यायमध्ये एघारवटा अध्यायमा अलङ्कारकै विषयमा व्यापक चर्चा गरी अलङ्कारवादी आचार्यका रूपमा चिनिएका रुद्रटले महाकाव्यका विषयमा पूर्ववर्ती भामह र दण्डीकै दृष्टिकोणका नजिकमा रही महाकाव्यसम्बन्धी आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले रामायण, महाभारतजस्ता प्राचीन महाकाव्यका अतिरिक्त संस्कृत, प्राकृत र अपभ्रंश कालका कृतिहरूको समेत गहन अवलोकनबाट महाकाव्यसम्बन्धी आफ्नो धारणा निर्धारण गरेका छन् । उनका अनुसार महाकाव्यको कथा उत्पाद्य या अनुत्पाद्य (काल्पनिक या अकाल्पनिक) पनि हुन सक्छ तर त्यो लघु होइन महत् हुनै पर्छ । यसमा अवान्तर कथाहरू पनि समाविष्ट हुन्छन् र यसले युगजीवनका विविध रूप, पक्ष तथा घटनाहरूको चित्रण गर्दछ । यसको नायक द्विजकुलोत्पन्न, सर्वगुण सम्पन्न, महान् वीर, शक्तिमान्, नीतिज्ञ, कुशल राजा हुन्छ र अन्त्यमा उसैको विजय हुन्छ । साथै यसमा प्रतिनायक र उसको कुलको पनि वर्णन हुन्छ (जोशी, २०४५ : १३५) । यिनको परिभाषा कथानकीय स्रोत र नायकको चरित्रमा बढी केन्द्रित देखिन्छ ।

संस्कृत काव्यचिन्तन परम्परामा महाकाव्यसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण परिभाषा चौधौं शताब्दीका विश्वनाथको मानिन्छ । उनले साहित्यदर्पण नामक ग्रन्थमा पूर्ववर्ती आचार्यका सम्पूर्ण दृष्टिकोणहरूलाई समेट्दै महाकाव्यसम्बन्धी आफ्नो धारणा प्रस्तुत गरेका छन् । उनले कथानकीय आयाम, कथानकको स्रोत, सर्गयोजना, कथानकीय विकास, आरम्भ र अन्त्य, नायक, रसभाव, छन्दप्रयोग, परिवेश, उद्देश्य, भाषिक शिल्पजस्ता कुरालाई समेटेर महाकाव्यसम्बन्धी परिभाषा प्रस्तुत गरेका छन् (थापा, २०४२: ४६) । उनले साहित्यदर्पणमा प्रस्तुत गरेको महाकाव्यको परिभाषाले नै महाकाव्यसम्बन्धी पूर्वीय दृष्टिकोणले पूर्णता प्राप्त गरेको मानिन्छ । उनका अनुसार–महाकाव्यको कथानक जीवनको व्यापकतालाई समेट्ने लामो आयामको हुनुपर्छ । कथानकको स्रोत इतिहास पुराण वा लोकप्रसिद्ध र सज्जनाश्रित हुनुपर्छ । कथानकको थालनी नमस्कारात्मक आशीर्वादात्मक वा वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट हुनुपर्छ । कथानकीय विकास नाटकीय पञ्चसन्धियुक्त हुनुपर्छ । कथानक विभिन्न सर्गमा विभाजित हुनुपर्छ र सर्गको सङ्ख्या आठभन्दा बढी हुनुपर्छ । सर्गहरू ज्यादा लामा  छोटा पनि हुनु हुँदैन । कथामा सज्जनको प्रशंसा र दुर्जनहरूको निन्दा गरिएको हुनुपर्छ । नायक वीर सद्वंशीय धीरोदात्त गुणले युक्त हुनुपर्छ । राजकीय कुलका एकभन्दा बढी नायकको प्रयोग पनि महाकाव्यमा हुन सक्छ । शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक रसलाई अङ्गी रसका रूपमा प्रयोग गरिनुपर्छ र अङ्ग रसका रूपमा अनेक रसको

प्रयोग हुनुपर्छ । महाकाव्यमा अनेक छन्दको प्रयोग हुन सक्छ । एउटा सर्गमा एउटै छन्दको प्रयोग र सर्गान्तमा छन्द परिवर्तन गरी पछिल्लो सर्गको सङ्केत गरिनुपर्छ । महाकाव्यको नामकरण नायक, प्रतिनायक अथवा कथानकका आधारमा राखिनुपर्छ । चतुर्वर्गफलप्राप्तिलाई महाकाव्य रचनाको उद्देश्य मान्नुपर्छ । दिनरात, चन्द्रोदय, सूर्योदय, युद्धवर्णन, जलक्रीडा, समुन्द्रयात्रा, यज्ञ, विवाह, पुत्रजन्म आदि व्यापक परिवेशको चित्रण हुनुपर्छ । महाकाव्यका विषयमा विश्वनाथले प्रस्तुत गरेका यी धारणाबाट नै पूर्वीय महाकाव्य मान्यताले पूर्णता प्राप्त गरेको मानिएको छ । कथानकीय स्रोत, सङ्गठन र चरित्रका विषयमा विशेष जोड दिँदै उनले स्थापित गरेका धारणाहरू नै पूर्वीय महाकाव्य मान्यताका रूपमा स्थापित धारणा हुन् ।

**४. शाकुन्तलको रचना सन्दर्भ**

शाकुन्तल महाकाव्य महाकवि लक्ष्मीप्रसाद देवकोटाको कवित्वयात्राको तेस्रो चरण र महाकाव्य यात्राको पूर्वार्धमा प्रकाशित नेपाली काव्यजगत्कै उत्कृष्ट काव्यकृति हो । नेपाली साहित्यमा मौलिक तथा स्तरीय महाकाव्यको पूर्णरूपमा अभाव रहेको अवस्थामा देवकोटाले अहिलेसम्मकै सबैभन्दा उच्चकोटिको महाकाव्य शाकुन्तल रचना गरेर आफ्नो असाधारण सिर्जनाशक्ति प्रदर्शन गरे ।

वि.सं.१९९१ मा पूर्णिमाको जलधि शीर्षकको कविताबाट औपचारिक कवित्व यात्राको थालनी गरेका देवकोटाले मुनामदन (१९९२) बाट निकै लोकप्रिय कविका रूपमा आफूलाई स्थापित गरे । देवकोटाको विजुलिवेगी कवित्वका कारण वि.सं. २००२ सालमा नेपाली काव्य जगत्कै उत्कृष्ट कृति शाकुन्तलको रचना गरेर देवकोटाले आफ्नो असाधारण प्रतिभा देखाए । यो कृति साच्चै नै इतिहासको त्यस्तो कालखण्डमा जन्मियो कि नेपाली साहित्य अन्य साहित्यका विधामा आधुनिक युगमा प्रवेश गरेको भए पनि महाकाव्य रचनाका दृष्टिले पृष्ठभूमिकालकै रूपमा सीमित थियो । यो अवस्थालाई देवकोटा स्वयम्ले शाकुन्तल महाकाव्यको भूमिकामा यसरी प्रस्तुत गरेका छन्– नेपाली महाकाव्य आइसल्याण्डको सर्पजस्तो थियो । मलाई अभाव पूरा गर्ने इच्छा पह्लाएर आएकाले लेखेँ । लेखें तीनै महिनामा राती राती बसेर फुर्सदमा ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले तीन महिनाको छोटो अवधिमा शाकुन्तल महाकाव्य लेखेर आफूलाई नेपाली भाषाको धरतीमा महाकाव्यगङ्गा अवतरित गराउने स्रष्टाका रूपमा स्थापित गरे । यो महाकाव्य नेपाली महाकाव्यको इतिहासमै प्रथम प्रकाशित वृहत् आयामको मौलिक नेपाली महाकाव्य मानियो (अवस्थी, २०६४ : १०९) । महाकाव्य रचनाका दृष्टिले शाकुन्तल प्रकाशनको समय साँच्चै नै आइसल्याण्डको सर्पजस्तै थियो । यस्तो अवस्थामा देवकोटाले आजसम्म पनि नेपाली साहित्यको उत्कृष्ट स्थानमा रहन सक्ने कालजयी महाकाव्यको रचना गर्नु सामान्य कुरा थिएन । त्यसैले वास्तवमा देवकोटा भगीरथ हुन् , जसले नेपाली भाषाको धरतीमा महाकाव्यगङ्गा अवतरित गराए (जोशी, २०४५ : १६२) । देवकोटाको महाकाव्यकारिताले नेपाली महाकाव्य रचनाको क्षेत्रमा एकप्रकारको लहर नै सिर्जना गर्‍यो र कविताको क्षेत्रमा क्रियाशील अन्य स्रस्टालाई समेत महाकाव्य रचनाको अभियानमा सामेल गरायो । यसैको परिणाम देवकोटाको युग नेपाली महाकाव्यको इतिहासमा स्वर्णयुग सावित भयो ।

**५. पूर्वीय सिद्धान्तको सापेक्षतामा शाकुन्तल**

शाकुन्तल महाकाव्य नेपाली महाकाव्यको इतिहासमा सर्वाधिक उपलब्धिपूर्ण र कालजयी रचना हो । स्वच्छन्दतावादी कवि देवकोटाको विजुलीवेगी स्वच्छन्द कवित्वको उत्कृष्ट नमुनाका रूपमा देखिएको शाकुन्तल सैद्धान्तिक दृष्टिले पूर्वीय महाकाव्य मान्यतासँग निकट देखिन्छ । यद्यपि लक्ष्मीप्रसाद देवकोटा शास्त्रीय नियमको परिधिमा बाँधिएर काव्य रचना गर्ने प्रवृत्तिका विपरीत स्वच्छन्दतावादी प्रवाहमा काव्य रचना गर्ने कवि हुन् तापनि शाकुन्तल महाकाव्य रचनाको सन्दर्भमा पूर्वीय महाकाव्य चिन्तन परम्परामा भामह, दण्डी, रुद्रट, विश्वनाथलगायतका आचार्यहरूका चिन्तनको समष्टिका रूपमा स्थापित महाकाव्य मान्यतासँग धेरै कुरामा नजिक देखिन्छ । यहाँ पूर्वीय महाकाव्य मान्यताका आधारभूत सिद्धान्तहरूको परिप्रेक्षमा शाकुन्तल महाकाव्यको विश्लेषण गर्ने सन्दर्भमा कथानक, नायक, उद्देश्य, परिवेश, रसविधान, छन्दविधान, भाषाशैलीजस्ता आधारभूत कुराहरूमा केन्द्रित रहेर महाकाव्यको विश्लेषण गरिएको छ ।

**५.१ कथानक**

जीवनको व्यापकतालाई समेट्ने लामो कथानक, इतिहासप्रसिद्ध सज्जनाश्रित, लोककथा, दन्त्यकथा, पुराणका रूपमा प्रसिद्ध कथा तथा कविकल्पित स्रोतबाट लिइएको कथानक, लौकिक अलौकिक विषयको वर्णन, पञ्चसन्धिका रूपमा कथानकको विकास, मङ्गलाचरणबाट सुरु भई सुखान्त परिणतिमा अन्त्य, सर्ग सर्गमा विभाजनजस्ता कुराहरूलाई महाकाव्योचित कथानकका विशेषता मानिएको छ ।

शाकुन्तल महाकाव्यको कथानक पूर्वीय महाकाव्य चिन्तन परम्पराबाट स्थापित मान्यताको अनुकूल नै देखिन्छ । स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसात् गरी काव्यकृतिको रचना गर्ने देवकोटा शास्त्रीय मान्यताको परिधिमा बाँधिएर महाकाव्यको रचना गर्नुपर्छ भन्ने मान्यतालाई रुढिका रूपमा स्वीकार्ने कवि होइनन् तथापि

शाकुन्तल महाकाव्यको कथानकलाई हेर्दा देवकाटाले पूर्वीय मान्यताको सचेततापूर्वक प्रयोग गरेको देखिन्छ ।

कथानकीय स्रोतका दृष्टिले यो महाकाव्यको कथानक महाभारतको शाकुन्तलोपाख्यान र कालिदासको अभिज्ञान शाकुन्तलम् नाटकमा आधारित छ । महाभारतको दुष्यन्त र शकुन्तलाको छाटो कथालाई संस्कृतका आदिकवि कालिदासले आफ्नो प्रतिभा र सिपले हृदयस्पर्शी बनाई अभिज्ञान शाकुन्तलम् नाटकमा प्रयोग गरे र त्यही नाटकअभिज्ञान शाकुन्तलम्लाई मुख्य आधार मानेर लक्ष्मीप्रसाद देवकोटाले नेपाली शाकुन्तल महाकाव्य रचना गरेकाले यो महाकाव्यको कथानकीय स्रोत पौराणिक कथा भएको कुरा स्पष्ट छ (अधिकारी, २०६६ : ७७) । प्रसिद्ध पौराणिक कथालाई उपजीव्य स्रोत मानेर महाकाव्यको कथानकीय प्रबन्धविधान तय गरिएकाले कथानकीय स्रोत पूर्वीय मान्यताअनुकूल नै प्रयोग भएको देखिन्छ ।

कथानकीय आयामका सन्दर्भमा संस्कृत काव्यशास्त्रमा महाकाव्यका लागि जीवनको व्यापकतालाई समेट्ने लामो कथानक हुनुपर्ने कुरा उल्लेख गरिएको छ । महाकाव्य प्रबन्धकाव्यको बृहत् आकारको आख्यानात्मक विधा भएकाले यसका लागि लामो आख्यानमा आधारित इतिवृतात्मक कथानकलाई महाकाव्य अनुकूलको आख्यान मानिएको छ । शाकुन्तल महाकाव्यको आख्यानमा पनि नायक नायिकाको जीवनका व्यापक सन्दर्भलाई समेट्ने लामो कथानक प्रयोग भएकाले कथानकीय आयाम पूर्वीय मान्यताअनुकूल नै देखिन्छ ।

महाकाव्यको कथानकका सन्दर्भमा पूर्वीय काव्यशास्त्रमा महानहरूका महत् अर्थका रूपमा महाकाव्यको कथानक अभिव्यक्त हुनुपर्ने कुरामा जोड दिइएको छ । विशेष गरी भामहको महाकाव्य परिभाषामा महाकाव्यलाई महान्हरूको महत् अर्थको अभिव्यक्तिका रूपमा चिनाइएको छ । देवगाथा, ऋषिगाथा र बीरगाथाका संश्लेषणबाट बनेका आर्षमहाकाव्यात्मक आख्यानमा महान्हरूका महत् अर्थकै चित्रण भएका सन्दर्भमा भामहले महाकाव्यलाई महानहरूको महत् अर्थलाई व्यक्त गर्ने सर्गबन्ध रचनाका रूपमा चिनाए (अवस्थी, २०६४ : १५) । देवकोटाको शाकुन्तल महाकाव्यले यो मान्यतालाई अनुसरण गरेको छ । शाकुन्तलमा नायक नायिकाका रूपमा प्रयोग भएका राजकूलका वीर तथा साहसी नायक दुष्यन्त र ऋषि एवम् अप्सरापुत्री शकुन्तलाको जीवनसँग सम्बन्धित पौराणिक कथ्य भामहले सङ्केत गरेको महान्हरूको महान् कार्यको वर्णनसँग अनुकूल देखिन्छ ।

कथानकको आरम्भ, विकास र अन्त्यका सन्दर्भमा पनि शाकुन्तल महाकाव्य पूर्वीय मान्यताअनुसार नै देखिन्छ । महाकाव्यको आरम्भका सन्दर्भमा पूर्वीय आचार्यहरूले मङ्गलाचरणबाट थालनी भई सुखान्त परिणतिमा अन्त्य हुनुपर्ने कुरा उल्लेख गरेका छन् । भामहको परिभाषामा नायकको अभ्युदयमा जोड दिएको कुराले सुखान्त परिणतिको स्पष्ट सङ्केत गरेको छ भने दण्डीले महाकाव्यको थालनी आशीर्वादात्मक, नमस्कारात्मक वा वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट हुनुपर्ने कुरा आफ्नो महाकाव्य परिभाषामा स्पष्ट पारेका छन् (अवस्थी, २०६४:१७) । आरम्भ र अन्त्यका विषयमा प्राय सबै आचार्यहरू यो मान्यतामा सहमत छन् ।

शाकुन्तल महाकाव्यमा आरम्भ र अन्त्यका विषयमा पूर्वीय मान्यताको अनुसरण गरिएको छ । महाकाव्यको पहिलो सर्ग मङ्गलाचरण र भूमिकामय रहेको छ । महाकाव्यको पहिलो श्लोकमा नै महाकाव्यको समग्र कथानकलाई सङ्केत गर्ने वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट थालनी गरी यो सर्गलाई मङ्गलाचरण र भूमिकाकै रूपमा प्रस्तुत गरेका छन् । मूल कथानकको पृष्ठभूमिकै रूपमा भए पनि दोस्रो सर्गबाट सुरु भएको कथानक विभिन्न चरणमा विकसित हुँदै नायक दुष्यन्त र नायिका शकुन्तलाको सुखद् मिलनमा पुगेर महाकाव्य टुङ्गिएकाले आरम्भ र अन्त्य पूर्वीय लक्षणअनुसार नै रहेको कुरा स्पष्ट छ ।

कथानकीय विकासका सन्दर्भमा भामहदेखि विश्वनाथसम्मका सबै आचार्यहरूले नाटकीय पञ्चसन्धिअनुसारको कथानकीय विकास हुनुपर्ने कुरामा जोड दिएका छन् । कथानकीय विकासका अवस्थालाई प्रारम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागमको शृङ्खलामा हुनुपर्ने कुरामा सबै काव्यचिन्तकहरूको एकमत नै देखिन्छ । शाकुन्तलको कथानकीय विकास पनि नाटकीय पञ्चसन्धिअनुसार नै भएको देखिन्छ । यस दृष्टिले महाकाव्यको भूमिका र पृष्ठभूमिसहित दुष्यन्त शकुन्तलाको मिलन र आपसी आकर्षणसम्मका प्रथम सर्गदेखि बाह्रौं सर्गसम्म प्रारम्भ, दुष्यन्त शकुन्तलाको प्रथम मिलन र आपसी आकर्षण भएपछि ती दुईको गान्दर्भ विवाहसम्मका तेह्रौंदेखि सोह्रौं सर्गसम्मका घटना यत्न, दुष्यन्तले राज्यमा शत्रु हमलाको खबर पाई राजधानी फर्केदेखि राजदरवारमा शकुन्तलालाई अस्वीकार गर्दासम्मका सत्रदेखि एक्काइसौं सर्गसम्म प्राप्त्याशा, दुष्यन्तले औँठी प्राप्त गरेदेखि इन्द्रलाई सघाउन हेमकुट पर्वतमा ओर्लिदासम्मका बाइस र तेइस सर्ग नियताप्ति र दुष्यन्तको शिशु भरतसँग भेट,बाजूको प्रसङ्ग र दुष्यन्त र शकुन्तलाको पुनर्मिलनको घटना सर्ग चौबीस फलागमका रूपमा कथानक विकसित भएको देखिन्छ (अधिकारी, २०६६:८३) । यसप्रकारको शृङ्खलाबद्ध कथानकीय विकास पूर्वीय मान्यताअनुसार अनुकूल देखिन्छ ।

समग्रमा शाकुन्तल महाकाव्यको कथानकसँग सम्बन्धित कथानकीय आयाम, कथानकको स्रोत, आरम्भ र अन्त्य, कथानकीय

विकासजस्ता पक्षहरू पूर्वीय महाकाव्य सिद्धन्तमा स्थापित मान्यताअनुसार नै प्रयोग भएको देखिन्छ ।

### ५.२ नायक

पूर्वीय महाकाव्य सिद्धन्तमा महाकाव्यका पात्र वा चरित्रको चर्चा गर्ने सन्दर्भमा नायकमा केन्द्रित भएर चर्चा गरिएको छ । महाकाव्यमा महान् पात्रका कार्यव्यापारको चित्रण गरिनुपर्छ भन्ने पूर्वीय काव्यशास्त्रमा स्थापित दृष्टिकोणले महाकाव्यको पात्रविधानलाई सङ्केत गरे पनि महाकाव्यका परिभाषामा मूलतः नायकको विषयमा केन्द्रित दृष्टिकोणहरू व्यक्त भएका छन् । यसै सन्दर्भमा भामहले महान् नायकका महान् कार्यको वर्णनमा जोड दिएका छन् भने दण्डीले नायक चतुर तथा उदात्त हुनुपर्ने कुरामा जोड दिएका छन् । त्यस्तै गरी रुद्रटले महाकाव्यको नायक वीर, विजयाकाङ्क्षी, नीतिज्ञ र व्यवहारकुशल हुनुपर्ने कुरामा जोड दिएका छन् भने विश्वनाथले सद्वंशी, दैवी वा राजकीय गुण भएको, धीरोदात्त गुणले युक्त हुनुपर्ने धारणा राख्दै महाकाव्यमा बहुनायकको प्रयोग समेत हुन सक्ने धारणा प्रस्तुत गरेका छन् ।

शाकुन्तल महाकाव्यको नायकमा पूर्वीय महाकाव्य चिन्तन परम्परामा व्यक्त भएका मान्यताअनुसारका अधिकांश विशेषतासँग मेल खाने प्रवृत्ति देखिन्छ । महाकाव्यको नायकका रूपमा देखिएको दुष्यन्त महाकाव्यको आठौं सर्गमा अप्रत्यक्ष चर्चाको माध्यमबाट देखा परी दसौं सर्गमा सिकार खेल्न वनतिर लागेको सन्दर्भ हुँदै एघारौं सर्गबाट प्रत्यक्ष नायकको भूमिकामा देख्न सकिन्छ । नायक दुष्यन्तलाई महाकाव्यमा हिन्दू राजा र शकुन्तलाका प्रेमीका रूपमा देखाइएको छ । दुष्यन्तमा धार्मिक एवम् नैतिक चेतना प्रबल रूपमा देखिन्छ । सिकार खेल्दै ऋषिको आश्रममा पुगेको बेला मृग मार्न खोज्दा ऋषिआश्रमको मृग भएको कुरा जानकारी भएपछि मृग मार्न छोडेर आफू पापबाट मुक्त भएको सम्झनुले नायक दुष्यन्तमा धार्मिक तथा नैतिक चेतना प्रबल रहेको कुरा स्पष्ट हुन्छ । दुष्यन्तको चरित्र ऋषि महर्षिप्रति आस्थावान् अनुशासित देखिन्छ । ऋषिको आश्रममा शान्ति नखल्बलियोस् भनी आफ्ना लावालस्करलाई आश्रमदेखि टाढै राख्नु र आश्रमको अनुशासन इमान्दारीपूर्वक पालना गर्नुले दुष्यन्तलाई ऋषि महर्षिका आदर्श व्यवहारप्रति आस्थावान् चरित्रका रूपमा देखाइएको छ ।

दुष्यन्त शकुन्तलाको प्रेमप्रति इमान्दार चरित्रका रूपमा देखिन्छन् । आपसी प्रेम बढ्दै गएपछि ऋषिको आश्रममै गान्धर्भ बिहे गरेर दुष्यन्त प्रेमप्रति इमान्दार चरित्रका रूपमा देखिएका छन् । यस्तो व्यवहारले दुष्यन्तलाई संस्कार र सनातन धर्मप्रति सचेत नायकका रूपमा देखाएको छ । लामो समयसम्म शकुन्तलालाई लिन नआएपछि शकुन्तलालाई दुष्यन्तको दरबारमा पुर्‍याउन गएका कण्व ऋषिका शिष्यहरूलाई दुत्कार्नु र अनेक बिन्ती गर्दासमेत शकुन्तलालाई पत्नी स्वीकार नगर्नुमा दुष्यन्तको व्यवहार स्वार्थी, अन्यायी र क्रुर प्रकृतिको देखिएको छ तापनि यो सबै प्रतिकूल व्यवहार दुष्यन्तले नियतवश नगरेर दुर्वासा ऋषिका सरापका कारण शकुन्तलालाई बिर्सेको हुनाले यस प्रकारका प्रतिकूल व्यवहार हुन पुगेको देखाइएको छ । शकुन्तलालाई चिनोका रूपमा दिएको औंठी प्राप्त गरेपछि शकुन्तलाको खोजीमा देखाएको तदारुकता र कश्यप ऋषिको आश्रममा भएको मिलनपछि दुष्यन्तले देखाएका व्यवहारले उनका प्रतिकूल व्यवहार नियतवश नभएर दुर्वासा ऋषिका सरापका कारण भएको कुरा पुष्टि भएको छ ।

महाकाव्यका नायक दुष्यन्त राजकीय कुलको महान् चरित्र हुनुका साथै वीरता र पराक्रमको गुणले युक्त देखिन्छन् । उनी पूर्वीय महाकाव्य सिद्धान्तले निरुपण गरे झैं युद्धवीर, दानवीर, धर्मवीरका रूपमा देखा परेका छन् र यिनको शूरता, वीरता, कीर्ति र पौरख धर्तीमा मात्र सीमित नरही स्वर्गसम्म फैलिएको छ (ओझा,२०६६:२८१) । स्वर्गलोकमा इन्द्रको राज्यमा असुरहरूको आक्रमणलाई रोक्न स्वर्गलोक पुग्नु र वीरतापूर्ण युद्धकौशलबाट असुरहरूलाई पराजित गर्नुले उनलाई वीर तथा साहसी नायकका रूपमा देखिन्छ ।

महाकाव्यमा दुष्यन्तका यसप्रकारका विविध चरित्रलाई हेर्दा शाकुन्तल महाकाव्यको नायक उच्चकुलीन, राजकीय गुणले सम्पन्न, सद्वंशी, महान्, चतुर, वीर, विजयाकाङ्क्षी, नीतिज्ञ, व्यवहारकुशल र धीरललित विशेषताले युक्त देखिन्छ । यस प्रकारका गुणहरूलाई हेर्दा शाकुन्तल महाकाव्यको नायक पूर्वीय मान्यताअनुसारका विशेषताले युक्त नै देखिन्छ ।

### ५.३ उद्देश्य

पूर्वीय काव्यशास्त्रमा महाकाव्यलाई परिभाषित गर्ने सन्दर्भमा भामहदेखि विश्वनाथसम्मका प्राय सबैजसो काव्यशास्त्रीहरूले उद्देश्यलाई महत्त्वका साथ चर्चा गरेका छन् । सबैजसो आचार्यहरूले चतुर्वर्ग फलप्राप्तिलाई उद्देश्यका रूपमा विशेष जोड दिएका छन् । चतुर्वर्गलाई पुरुषार्थ चतुष्ट्य पनि भनिन्छ र जीवनका ती चतुर्वर्ग वा पुरुषार्थ चतुष्ट्यका रूपमा धर्म (आफ्ना जाति वर्गका लागि तोकिएको कार्य वा जीवनमा अँगालिने कार्य कर्तव्य), अर्थ (आर्थिक संवृद्धि), काम-मानवीय मनका विषयभोग, सुखसयल र शृङ्गारिक इच्छा आकाङ्क्षा तथा एषणा) र मोक्ष (सांसारिक जीवनचक्रका बन्धनबाट मुक्ति) लाई मानिएको छ (अवस्थी, २०६४:२६) । चतुर्वर्गभित्र जीवनको सम्पूर्णता समेटिने धारणा राख्दै यसका माध्यमबाट जीवनको सम्पूर्णताको अभिव्यक्ति गर्नुलाई महाकाव्यको उद्देश्य मानिएको छ ।

शाकुन्तल महाकाव्यको उद्देश्य पूर्वीय महाकाव्य मान्यताले निरूपण गरेको दृष्टिकोणको अनुकूल नै देखिन्छ तापनि महाकाव्यको उद्देश्यका रूपमा चतुर्वर्गको सीमामा मात्र केन्द्रित नभई जीवन जगत्को व्यापक दिग्दर्शनलाई समेटिएको छ । पूर्वीय आर्य सभ्यताको महिमागान यो महाकाव्यको मुख्य उद्देश्य देखिन्छ । यो कुरालाई महाकाव्यको प्रथम सर्गको यो श्लोकले पुष्टि गर्दछ-

मीठो लाग्छ मलाई ता प्रियकथा प्राचीन संसारको ।
हाम्रो भारतवर्षको उदयको हैमप्रभासारको ॥
जाडामा पनि कोयली कुसुमका बास्नाहरू सम्भिँदै ।
फर्केलान् दिन फेरिउत्तर भनी बस्छे अकेली रुँदै ॥ (पृ.१)

पूर्वीय आर्य सभ्यताका अनुयायी देवकोटा महाकाव्यभरि नै आर्य सभ्यताका गायकका रूपमा देखिएका छन् । सहरिया कोलाहलमय रुग्ण जीवनबाट मुक्त भई पूर्वीय आकाशमा फर्किनुपर्छ भन्ने स्वच्छन्दतावादी चेतनाको अभिव्यक्तिमा महाकाव्यको वैचारिक उद्देश्य केन्द्रित छ । वर्तमानको कोलाहलमय अशान्ति र सासै फेर्नुमा सीमित दीनहीन जीवनको तुलनामा विगतको जीवन धेरै सुखद रहेको विचार महाकाव्यमा प्रकट भएको छ । देवकोटाले विगतको अध्ययनबाट वर्तमानको रेखाङ्कन गर्दै सांस्कृतिक पुनर्जागरण र प्राकृतिक आदर्श समाजको मूल्य स्थापना गर्न चाहेका छन् । त्यसैले प्राचीन आर्य संस्कृतिको मूल्य र मान्यता स्थापनार्थ सांस्कृतिक पुनर्जागरण गराउन खोज्नु नै महाकाव्यको प्रमुख वैचारिक उद्देश्य रहेको देन्छि (अधिकारी, २०६६:१००) । आधुनिक नागर सभ्यताको तुलनामा प्राचीन तपोवन सभ्यता सुखद रहेको कुरा महाकाव्यमा देखाइएको छ । महाकाव्यमा प्राकृतिक सभ्यताकी प्रतिमूर्तिका रूपमा शकुन्तलालाई देखाइएको छ भने नागर सभ्यताका प्रतीकका रूपमा दुष्यन्तलाई देखाइएको छ । प्राकृतिक सभ्यताका प्रतीक ऋषिका आश्रमहरूमा नायक नायिका पुग्दा उनीहरूको जीवनमा सुख शान्ति र सन्तोष देखिन्छ भने आधुनिक नागर सभ्यताको प्रतीक दरवारिया परिवेशमा पुग्दा नायक नायिकाको जीवन कष्टपूर्ण बनेको छ । महाकाव्यमा मानवता, प्रकृति र दिव्यताको समीकरणबाट नै जीवनले सार्थकता प्राप्त गर्दछ भन्ने विचार प्रकट भएको छ । दुष्यन्त र शकुन्तलाको पुर्नमिलन तथा दुष्यन्तको इन्द्रसँगको मैत्रीभाव एवं स्वर्गयात्राका प्रसङ्गबाट मानवता (दुष्यन्त), प्रकृति (शकुन्तला), र दिव्यता (इन्द्र, स्वर्ग तथा परमेश्वर) यी तीन कुराका बिचको समन्वयमा जीवनको सार्थकता सिद्ध हुने जीवन–धारणा महाकाव्यमा अभिव्यञ्जित भएको छ (जोशी, २०४५:१६९) । यस प्रकारका जीवनसम्बन्धी गहन दृष्टिकोणको अभिव्यक्तिमा महाकाव्यको उद्देश्य परिलक्षित देखिन्छ ।

## ५.४ परिवेश

पूर्वीय काव्यशास्त्रमा महाकाव्यमा व्यापक परिवेशको चित्रण हुनुपर्ने कुरामा जोड दिइएको छ । जीवनको समग्र चित्र अङ्कित हुने महाकाव्यमा जीवनसम्बद्ध व्यापक परिवेशको चित्रण हुनुपर्ने कुरामा सबैजसो महाकाव्य चिन्तकहरूको मत रहेको छ । महाकाव्यमा प्रकृतिका विविध पक्षको चित्रण र लौकिक तथा अलौकिक विषयको वर्णन हुनुपर्ने कुरा उल्लेख छ । लौकिक वर्णनअन्तर्गत प्रकृतिका अनेक रूप र अलौकिक वर्णनअन्तर्गत देवता तथा स्वर्गादिको वर्णन हुनुपर्ने कुरामा जोड दिइएको छ ।

शाकुन्तल महाकाव्य परिवेश विधानका दृष्टिले विस्तृत तथा व्यापकतालाई समेटेर रचना गरिएको काव्य कृति हो । यसमा चित्रित परिवेश विधानलाई हेर्दा यो महाकाव्य ललित महाकाव्यको स्तरबाट माथि उठी आर्ष वा वृहत्तर महाकाव्यको निकट पुगेको देखिन्छ (ओझा, २०७६:२८४) । स्थानगत परिवेशका दृष्टिले यो महाकाव्यमा स्वर्गदेखि पृथ्वी र नगरदेखि तपोवनसम्मको व्यापक परिवेश चित्रण गरिएको छ । महाकाव्यका नायक नायिकाको मिलन विछोड र पुनर्मिलनसँग सम्बन्धित घटनाहरू प्रस्तुत गर्ने सन्दर्भमा ऋषिका आश्रमलाई सुखद मिलनका केन्द्र वा शान्तिस्थलका रूपमा चित्रण गरिएको छ । दरबारिया परिवेशलाई आधुनिक सहरिया सभ्यताका प्रतीकका रूपमा चित्रण गर्दै अनेक षडयन्त्र,प्रपञ्च र मानसिक सन्तापको केन्द्रका रूपमा चित्रण गरिएको छ । विश्वामित्र ऋषिलाई मेनकाको मायाजालमा फसाउने प्रपञ्चको केन्द्र इन्द्रको दरवार र शकुन्तलालाई अपमानपूर्वक वियोगको पीडामा तड्पाउने दुष्यन्तका दरबारको चित्रणबाट आधुनिक नागर सभ्यताका सन्तप्त परिवेशको झल्को दिइएको छ ।

कथानकीय घटनाक्रमसँगै मेनका–विश्वामित्र मिलन, शृङ्गारिक सहवास, शकुन्तलाको जन्म, जीवनका विविध कालखण्ड, विवाह, यात्रा, जलविहार, पुत्रजन्म, स्वर्गलोक यात्रा, आकाशपथ, देवता र दानवबिचको युद्ध, विजय,नायक नायिकाको पुनर्मिलनजस्ता विषयको वर्णनका सन्दर्भमा महाकाव्यमा व्यापक परिवेशको चित्रण गरिएको छ । समग्रमा हेर्दा पूर्वीय काव्यशास्त्रमा चर्चा भएको व्यापकतालाई शाकुन्तल महाकाव्यको परिवेश चित्रणमा परिपक्व रूपमा पालना गरिको छ ।

## ५.५ रसविधान

पूर्वीय काव्यशास्त्रमा रसविधानका सन्दर्भमा महाकाव्यमा अनेक रसको प्रयोग हुनुपर्ने, शृङ्गार, वीर र शान्तमध्ये कुनै एक रसलाई अङ्गी रसका रूपमा प्रयोग गरिनुपर्ने र अङ्ग रसका रूपमा अन्य जुनसुकै रसको प्रयोग हुनसक्ने धारणा प्रस्तुत गरिएको छ ।

शाकुन्तल महाकाव्यमा शृङ्गार,वीर, करुण र शान्त रसको प्रयोग प्रभावकारी रूपमा भएको छ । नायक नायिकाको शृङ्गारिक मिलनका सन्दर्भमा शृङ्गार रसको प्रयोगको परिपुष्टता देखिन्छ । दुष्यन्तको स्वर्ग गमन तथा दैत्यहरूसँगको युद्ध वर्णनका सन्दर्भमा वीर रसको प्रयोग भएको छ । त्यस्तै गरी दुष्यन्तबाट तिरस्कृत शकुन्तलाको दयनीय अवस्थाको वणर्न तथा औँठी प्राप्त भएपछिको स्मरणबाट दुष्यन्तमा उत्पन्न छट्पटी तथा आत्मग्लानिको वर्णनका सन्दर्भमा करुण रसको प्रभावकारी प्रयोग भएको देखिन्छ । विश्वामित्रको आश्रम र गोदावरी वन, कण्व ऋषिको आश्रम तथा कश्यप ऋषिको आश्रमजस्ता तपोवनको वर्णनका क्रममा शान्त रसको प्रयोग प्रभावकारी देखिन्छ । यसका अतिरिक्त विषयवस्तुको वर्णनअनुसार पूर्वीय काव्यशास्त्रमा चर्चा भएका अन्य विविध रसको प्रयोग महाकाव्यमा भएको छ । यसर्थ रसविधानका दृष्टिले शाकुन्तल महाकाव्य पूर्वीय महाकाव्य मान्यताभन्दा भिन्न देखिँदैन ।

**५.६ छन्दविधान**

पूर्वीय काव्यशास्त्रमा महाकाव्यमा अनेक छन्दको प्रयोग हुनुपर्ने, एउटा सर्गमा एउटै छन्दको प्रयोग हुनुपर्ने र सर्गान्तमा छन्द परिवर्तन हुनुपर्ने कुरा उल्लेख गरिएको छ । शाकुन्तल महाकाव्यमा देवकोटाले पूर्वीय काव्यशास्त्रमा भनेजस्तै अनेक छन्दको प्रयोग गरे पनि छन्द प्रयोगमा शास्त्रीय मान्यताको परिधिभित्र बाँधिएका छैनन् । देवकोटा काव्य कृतिमा शास्त्रीय नियमको अनुशासनपूर्वक पालना गर्नुपर्ने मान्यताको विपरीत स्वच्छन्दतावादी भाव प्रवाहमा काव्य कृति रचना गर्नुपर्छ भन्ने मान्यता राख्ने कवि हुन् । शास्त्रीय मान्यताको परिधिमा नबाँधिए पनि छन्दमा स्वच्छन्द रूपमा खेल्न सक्ने देवकोटाको विलक्षण प्रतिभा यो महाकाव्यमा देख्न सकिन्छ । देवकोटा वार्णिक (लोक) छन्द, मात्रिक र वर्ण मात्रिक(शास्त्रीय) छन्दमा मात्र नभई गद्य कविताको उन्मुक्त सङ्गीत यात्रामा पनि उत्तिकै प्रवाहमय देखिन्छन् । वस्तुतः महाकवि देवकोटा सङ्गीतका महानिर्झर हुन् । छन्द र लयमा स्वयम् उनले भने झै प्रकृतिमा र अन्तस्करणमा व्याप्त लयकै विशाल प्रवाहमा देवकोटा सहज ढङ्गले बगेको पाइन्छ र यही सहज तथा प्राकृत लयको विविधतामय तीव्र विस्तार नै देवकोटाको सङ्गीत चैतन्यको आफ्नो पन हो (त्रिपाठी,२०४५:५८) । शाकुन्तल महाकाव्यमा देवकोटाको यो स्वच्छन्द सङ्गीत चेतनाको प्रभावस्वरूप छन्द प्रयोगमा उन्मुक्तता पाइन्छ । एउटा सर्गमा एउटै छन्दको प्रयोग गर्ने र सर्गान्तमा छन्द परिवर्तन गर्ने मान्यताको पालना महाकाव्यमा गरिएको छैन । छन्दको प्रयोग सुनियोजित नभएर भावलाई जुन लयले पछ्याउँछ, त्यही लयलाई अगाल्ने र विषय परिवर्तनसँगै छन्दमा पनि परिवर्तन गर्ने प्रवृत्ति देखिन्छ । महाकाव्यमा कतिपय सर्गहरूमा एउटै छन्दको प्रयोग गरिएको छ भने कतिपय सर्गमा पटक पटक छन्दको परिवर्तन गरी एउटै सर्गभित्र अनेक छन्दको प्रयोग गरिएको छ । महाकाव्यमा सबैभन्दा बढी शार्दूलविक्रीडित छन्दका १२३४ पङ्क्तिका२९३ श्लोक र सबैभन्दा कम प्रमुदितवदना छन्दको ४ पंक्तिको एक श्लोक प्रयोग भएको देखिन्छ (अधिकारी, २०६६ : १०८) । समग्रमा हेर्दा छन्दको सन्दर्भमा शास्त्रीय नियमको बन्धनबाट उन्मुक्त भएर अनेक छन्दको प्रयोग भएकाले शास्त्रीय मान्यताको पूर्ण रूपमा अवज्ञा भएको देखिँदैन ।

**५.७ भाषाशैली**

भाषाशैलीका सन्दर्भमा पूर्वीय काव्यशास्त्रमा आकर्षक एवम् कलात्मक शैलीशिल्पमा जोड दिइएको छ । महाकाव्यको शैली विस्तारपूर्ण, विविध प्रवाहयुक्त, गम्भीर, अलङ्कृत र आकर्षक हुनुपर्छ अनि उदात्त र उत्कृष्ट शैलीका आधारमा नै महाकाव्यको गरिमा बढ्दछ (अधिकारी,२०६६:१२०) । त्यसैले महाकाव्यमा उच्चस्तरीय अलङ्कारपूर्ण भाषाशैलीको अपेक्षा गरिएको छ ।

शाकुन्तल महाकाव्यको भाषाशैली कलात्मक शिल्पका दृष्टिले पूर्वीय काव्यशास्त्रमा भनेजस्तो कलात्मक तथा परिष्कारपूर्ण छैन तथापि यो महाकाव्यको भाषाशैलीगत विशिष्टता नेपाली महाकाव्यको इतिहासमै अनौठो प्रकृतिको छ । महाकाव्यको भूमिकामा देवकोटाले व्यक्त गरेका अभिव्यक्तिले महाकाव्यको भाषाशैलीगत विशिष्टताको सङ्केत गरेको छ । तीन महिनामै राती राती बसेर फुर्सदमा रचना गरिएको, विजुलीको वेगमा कलम दौडेको, संस्कृत प्रचूर मात्रामा प्रयोग गरिएको, तीन महिनाको रचना तीन वर्षको पढाइ हुनसक्नेजस्ता भनाइले महाकाव्यको भाषाशैली परिष्कारविहीन छ भन्ने कुरामा देवकोटाको आत्मस्वीकृति स्पष्ट देखिन्छ । देवकोटाको भाषामा बग्न सक्ने विलक्षण कलाले महाकाव्यको भाषाशैली असाधारण बनेको छ । त्यसैले यो महाकाव्यलाई उच्चप्रयुक्तियुक्त भाषा एवम् भव्योदात्त प्रवाहमय उच्च शैलीको व्याप्ति रहेको महाकाव्य मानिन्छ (अवस्थी, २०६४:१२०) । पण्डितहरूलाई आधुनिकताले तर्साउँछ, ग्र्याजुएटहरूलाई संस्कृतले, साधारण पाठकहरूलाई विचारको नवीनता र शव्दको क्लिष्टताले भन्ने महाकाव्यको भूमिकामा देवकोटाले व्यक्त गरेका आफ्नै अभिव्यक्तिले यो महाकाव्यको भाषाशैलीगत विशिष्टतालाई सङ्केत गरेको छ । साच्चै नै यो महाकाव्यमा प्रयुक्त भाषा असाधारण प्रकृतिको नै छ । संस्कृतनिष्ठ शब्दहरूको अत्यधिक प्रयोग र देवकोटाको मौलिकताबाट सिर्जित शब्द प्रयोगको कारण यो महाकाव्य प्रबुद्ध पाठकहरूका लागि समेत हाडेओखरजत्तिकै कडा छ । कल्पनाको अनियन्त्रित उडानसँगै विचारको गहिराइ यो महाकाव्यको शैलीगत

विशिष्टता देखिन्छ । वेगमय भाव विस्तार, सहज प्राकृतिक सौन्दर्य र हृदयसंवेद्य रसमयताको सञ्चारले महाकाव्यको भाषाशैली उच्च तथा उदात्त रहेको कुरा पुष्टि हुन्छ (अवस्थी, २०६४:१२१) । भाषामा बेलगाम उड्न सक्ने देवकोटाको विलक्षण प्रतिभाले महाकाव्यमा भाषाशैलीगत विशिष्टता कायम भएको छ । संस्कृत काव्यशास्त्रीय चिन्तन परम्परामा अपेक्षा गरेजस्तो परिष्कार तथा परिमार्जनका दृष्टिले हेर्ने हो भने पक्कै कमजोरी छन् तर प्रवाहको तीव्र बेगभित्रको कवित्वकलाले त्यो कमजोरीको पूर्ति गरेको अनुभव हुन्छ ।

**६. निष्कर्ष**

शाकुन्तल महाकाव्य नेपाली महाकाव्यको इतिहासमा पूर्ण मौलिक प्रकाशित स्तरीय विशेषताका दृष्टिकोणले पहिलो महाकाव्य हो । लामो समयसम्म नेपाली साहित्यमा महाकाव्यको अभाव रहेको अवस्थामा शाकुन्तलको प्रकाशनले आजसम्मकै सर्वाधिक स्तरीय ऐतिहासिक उपलब्धि प्राप्त भएको कुरा निर्विवाद छ ।

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराको थालनी गर्ने र यो धारालाई इतिहासकै सर्वाधिक प्राप्तिपूर्ण युगका रूपमा स्थापित गर्ने स्रष्टा हुन् । स्वच्छन्दतावादी कवि भएकाले उनी शास्त्रीय मूल्य मान्यता र नियमको परिधिभित्र बाँधिएर काव्य कृतिको रचना गर्नुपर्छ भन्ने मान्यतालाई अस्वीकार गर्ने कवि हुन् । त्यसैले उनका कुनै पनि काव्य कृतिहरू शास्त्रीय नियमको घेराभित्र मात्र सीमित छैनन् र शाकुन्तल महाकाव्य पनि शास्त्रीय नियमको सचेत पालना गरिएको महाकाव्य होइन । यति हुँदाहुँदै पनि शाकुन्तल महाकाव्यमा देवकोटाको झुकाव पूर्वीय महाकाव्य सिद्धान्तप्रति रहेको कुरा स्पष्ट देखिन्छ ।

शाकुन्तल महाकाव्यमा पूर्वीय संस्कृत काव्य चिन्तन परम्परामा भामह, दण्डी, रुद्रट, विश्वनाथलगायतका आर्चाहरूका चिन्तनबाट स्थापित महाकाव्य मान्यताका धेरै पक्षहरू पालना भएको देखिन्छ । कथानकीय स्रोत, आरम्भ र अन्त्य, कथानकीय विकास, नायक, उद्देश्य, परिवेश, रस, छन्द भाषाशैलीजस्ता विविध पक्षमा पूर्वीय सिद्धान्तप्रतिको झुकाव देखिन्छ । कथानकीय स्रोतका दृष्टिले मूल स्रोत महाभारतको आख्यानबाट कालिदासको अभिज्ञान शाकुन्तलम् नाटकमा प्रयोग गरिएको आख्यानलाई देवकोटाले कथानकीय स्रोतका रूपमा प्रयोग गरेका छन् । महाकाव्यको थालनी शास्त्रीय मान्यताअनुसार मङ्गलाचरणबाट गरी पहिलो श्लोकमै वस्तुनिर्देश समेत गरिएको छ । कथानकीय विकास प्रारम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागमको पञ्चसन्धियुक्त शृङ्खलामा भएको छ । कथानकीय आयाम वृहत् आकारको छ र यसलाई २४ सर्ग, १९३७ श्लोक र ९२९४ पंक्तिमा प्रस्तुत गरिएको छ । महाकाव्यको नायक पौराणिक कथ्यमा ख्यातिप्राप्त, राजकीय, कूलको, सद्वंशी, उच्च, उदात्त, वीर तथा धीरललीत गुणले युक्त छ । अतीतको गौरवगानका माध्यमबाट आधुनिक सहरिया सभ्यताका कष्टपूर्ण अवस्था देखाउँदै प्राचीन सभ्यताप्रति आकर्षित गर्ने कुरामा महाकाव्यको उद्देश्य लक्षित छ । रसगत विविधता, अङ्गी रसका रूपमा शृङ्गार रसको प्रयोग, छन्द प्रयोगमा स्वच्छन्दता र मौलिक पन, शैलीगत विशिष्टताजस्ता गुणहरू महाकाव्यात्मक वैशिष्ट्यता देखिन्छन् । देवकोटाको स्वच्छन्दतावादी चेतनाले शास्त्रीय बन्धनको नियन्त्रण नचाहे पनि मूलतः यो महाकाव्य पूर्वीय महाकाव्य मान्यताको सेरोफेरोमै केन्द्रित देखिन्छ ।

**सन्दर्भसामग्री**

अधिकारी, कृष्णराज (२०६६), महाकाव्य सिद्धान्त र देवकोटाका महाकाव्य, पोखराः गण्डकी साहित्य सङ्गम ।

अवस्थी, महादेव (२०६४), आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,काठमाडौँः इन्टेलेक्चुवल्ज बुक प्यालेस ।

ओझा, रामनाथ (२०७६), नेपाली कविता काव्य, काठमाडौँः करुधरा पब्लिकेसन ।

जोशी, कुमारबहादुर (२०४५),महाकवि देवकोटा र उनका महाकाव्य (दोस्रो संस्करण) साझा प्रकाशनःललितपुर ।

त्रिपाठी, वासुदेव (२०४५), महाकवि देवकोटा र उनका महाकाव्य सम्बन्धमा, कुमारबहादुर जोशी लिखित महाकवि देवकोटा र उनका महाकाव्यको भूमिका, साझा प्रकाशनः ललितपुर ।

थापा, हिमांशु (२०४२), साहित्य परिचय (दोस्रो संस्करण), साझा प्रकाशन : काठमाडौं

देवकोटा, लक्ष्मीप्रसाद (२०६१), नेपाली शाकुन्तल महाकाव्य (सातौं संस्करण), साझा प्रकाशन : ललितपुर ।

पौडेल, विष्णुप्रसाद (२०५७), संस्कृत काव्यशास्त्र, भुँडीपुराण प्रकाशनः काठमाडौं ।

पौड्याल, शालिकराम, पूर्वीय महाकाव्यको सैद्धान्तिक स्वरूप : भामहदेखि विश्वनाथसम्म, नवउन्मेष, वर्ष १, अङ्क १, बुटवल : प्रगतिशील प्राध्यापक सङ्गठन, २०६९ ।

रिसाल, राममणि (२०५०), नेपाली काव्य र कवि (चौथो संस्करण), साझा प्रकाशनः काठमाडौं ।